**चम्पादेवी गाँउपालिका, ओखलढुंगा**
**१ नं. प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्ड ३, संख्या ६ मिति: २०७७।११।१४**

**भाग २**


स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम चम्पादेवी गाउँ कार्यपालिकाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको लागि प्रकाशन गरिएको छ । **कार्य पालिका बाट निर्णय : २०७७/०७/२३प्रमाणिकरण मिति : २०७७/११/१३**

## चम्पादेवी गाउँ पालिकाको लैङ्गिक हिंसा निवारण कोषसञ्चालन कार्यविधि, २०७७

## प्रस्तावनाः

नेपालको संविधान २०७२ को धारा ३८ को महिलाको हकको कार्यन्वयन गर्न र लैङ्गिक हिंसाबाट पिडित वा प्रभावितलाई तत्काल उद्धार गर्न, औषधि उपचार गर्न वा पुर्नस्थापना गर्ने कार्यका लागि गाउँपालिकामा लैङ्गिक हिसां निवारण कोष स्थापना गरी सो कोषबाट पिडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनको लागि लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमवालि, २०६७ तथा लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्वन्धि मापदण्ड, २०७६ को अधिन एवं स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा(२) ले दिएको अधिकार प्रयोग गरी चम्पादेवी गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष कार्यविधि,२०७७ तयार गरिएको छ ।

## १) संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम चम्पादेवी गाउँपालिकाको **"लैङ्गिक हिंसा निवारण कोष सञ्चालन, कार्यविधि, २०७७"** रहने छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## २) परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले चम्पादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ख) "कोष"भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ग)"पिडित" भन्नाले लैङ्गिक हिंसाबाट पिडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजि जिवनमा लिङ्गको आधारमा कसै प्रति शारीरिक मानसिक वा यौनजन्य क्षति वा पिडा पुऱ्याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लिङ्गको आधारमा हुन वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पिडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य , समेतलाई जनाउछ ।

**३) कोषको स्थापना :**(१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क)संघीय तथा प्रदेश सरकार बाट प्राप्त हुने अनुदान रकम,

(ख) चम्पादेवी गाउँपालिका बाट प्राप्त रकम,

(ग) विभिन्न संघ सस्था वा व्यक्ति बाट सहयोग स्वरुप प्राप्त रकम,

(घ) अन्य कुनै आन्तरिक स्रोत बाट प्राप्त रकम,

**४) कोषमा रकम जम्मा गर्ने:** महिलाको हक हित र संरक्षणको लागि गाउँपालिकाले प्रत्येक वार्षिक बजेटमा व्यवस्था गरी कोषमा रकम जम्मा गनुपर्नेछ ।

५) **कोषको उपयोग:** (१) कोषको रकम देहायको कामको लागि पिडितलाई उपलब्ध गराउन उपयोग गरीनेछ:-

(क) पिडितलाई तत्काल उद्बार गर्न,

(ख) पिडितलाई औषधी उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थीक सहयोग उपलब्ध गराउन,

(घ) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) पिडितलाइ तत्काल उपचार गराउदा लागेको खर्च पिडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पिडितलाई स्वास्थ्य उपचार गर्न,

(च)पिडित र प्रभावितको लागि पुर्नस्थापना गराउन,

(छ) पिडितको लागि सञ्चालक समितिले तोकेको अन्य काम गर्न,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पिडित बालबालिका तथा किशोर किशारी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दूर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६) **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:**

(१) कोषको रकम नियम ५ मा लेखीए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागी कोषको रकम उपयोग गर्न सकिनेछ ।

७) **कार्यालयलाई रकम उपलब्ध गराउने:** पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि सञ्चालक समितिले कोष बाट कार्यलयको नाममा रकम निकाशा दिनेछ ।

८) **सञ्चालक समितिको गठन :** (१) पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिका उपाध्यक्ष -संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य
(ग) सामाजिक विकास समिति संयोजक -सदस्य
(घ) जनस्वास्थ्य प्रवर्धन शाखा प्रमुख - सदस्य
(ङप्रमुख इलाका प्रहरी कार्यलय - सदस्य
(च) लैङ्गिक हिंसा निवारण को क्षेत्रमा कार्यरतस्थानिय तहमा गैर सरकारी सस्थाहरु मध्येबाट
सञ्चालक समितिले तोकेको एक जना - सदस्य
(छ) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

(३) सञ्चालक समितिको बैठक सम्बन्धि कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९) **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(ग) स्थानीय तहमा लैङ्गिक हिंसा निवारण को क्षेत्रमा कार्यरत विभिन्न संघ, सस्था तथा निकायहरु बिच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

(ङ) स्वीकृत कार्यक्रम कार्यन्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्न,

(च) कोषमा रकम वृद्धिको लागि खोजी गर्ने,

१०) **राहत तथा आार्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :** (१) यस नियमावाली बमोजिम पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकम नबढ्ने गरी उपलब्ध गराईनेछ ।

(क) पिडितलाई तत्काल उद्वार गर्नुपर्ने भएमा सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चबापत र बास पस्नु पर्ने भएमा सो बापत छुट्टै रकम दिने,

(ख) पिडितलाई अस्पताल भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडाँ रकम , खाना खर्च, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तिन दिनको बास खर्च र उपचार खर्च उपलब्ध गराँउने,

(ग) कानुनी सहयाता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शको लागि पाचँ हजार रुपैयाँमा नबढ्ने गरी लागेको यर्थात खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पुजीँको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा वीस हजार रुपैयाँ,

(ङ) पुर्नस्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ ,

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पिडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा सञ्चालक समितिले त्यस्तो पिडितलाई मनासिव रकम थप गरी दिन सक्नेछ ।

११) **<u>राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :</u>**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको

सिफारिस सहित वा न्यायिक समितिको सिफारिस मार्फत महिला तथा बालबालिका शाखामा निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पिडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा सञ्चालक समितिले नियम १० को अधीनमा रही पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ।

१२) **तत्काल रकम उपलब्ध गराउन सक्ने** :

(१) यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि पिडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको संयोजकले सो प्रयोजनको लागि कोष बाट रु १०,०००।-(रु.दश हजार मात्र) नवढ्ने गरी मनासिव रकम सम्वन्धित पिडितलाई उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी सञ्चालक समितिको संयोजक बाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि वस्ने सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

१३) **थप रकम निकासा माग गर्न सक्ने :** (१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई सञ्चालक समितिले थप रकम माग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा गाउँपालिकाको आवश्यकता र औचित्यता हेरी थप रकम निकासा दिन सक्नेछ।

१४) **छुट्टै खाता खोल्नु पर्ने :** कोषको रकम कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन कार्यलय प्रमुख र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१५) **कोषको लेखा र लेखा परिक्षण :** कोषको लेखा र लेखा परिक्षण गाउँपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परिक्षण प्रक्रिया बमोजिम हुनेछ ।

१६) **कोषको रकम फ्रिज नहुने :** कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१७) **प्रतिवेदन पेश गर्ने :** (१) समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र गाउँकार्यपालिका मा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले पेश गरेको प्रतिवेदन गाउँकार्यपालिका ले सार्वजनिक गर्नेछ ।

१८) **बैठक भत्ता :** सञ्चालक समतिको संयोजक र सदस्यले समितिको बैठकमा भाग  लिए बापत गाउँकार्यपालिका तोके बमोजिमको बैठक भत्ता पाउनेछन् ।

१९) **निर्देशन दिन सक्ने :** (१) कार्यपालिकाले सञ्चालक समितिको काम  काम कारबाहिको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२०) **समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ,

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ,

(३) समितिको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गुणपरक पुगेको मानिनेछ ।

**आज्ञाले,**
प्रेम प्रसाद सुवेदी
नि. प्रमुख प्रशासकीय अधिकृत